# शिक्षा: समानताको मूल आधार विभेदको अचूक उपचार

CEPP







## शिक्षा नीति तथा अभ्यास केन्द्र

शिक्षा समृद्धिको बलियो माध्यम र सामाजिक न्यायको कारकतत्व हो भन्ने हाम्रो विश्वास छ । शिक्षालाई संविधान प्रदत्त मौलिक हकको रुपमा ग्रहण गर्दै अभ्यास प्रक्रियामा शिक्षक र अभिभावकलाई केन्द्र बिन्दुमा ल्याउन प्रयत्न गर्छौं । आफूलाई नागरिक समाजको अङ्गका रुपमा लिन रुचाउने । शिक्षा नीति तथा अभ्यास केन्द्र औपचारिक-अनौपचारिक शिक्षाको लामो अनुभवको पृष्ठभूमिमा, २०६६ सालमा काठमाडौं जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको, समाज कल्याण परिषद्मा आबद्ध आधारभूत शिक्षामा काम गर्ने संस्था हो ।

फागुन २०७३ (March 2017)

थप विवरण र जानकारीका लागि

**शिक्षा नीति तथा अभ्यास केन्द्र**
**Centre for Educational Policies and Practices**
पो. ब. नं. ४५५५, काठमाडौं,
फोन : ०१ - ४११२३२०

CEPP

www.schoolingnepal.org | info@schoolingnepal.org

**शिक्षा नीति तथा अभ्यास केन्द्र**
**Centre for Educational Policies and Practices**

# शिक्षक-अभिभावक उत्प्रेरण कार्यक्रम

## पृष्ठभूमि

जनशक्तिको महत्व त्यसको क्षमतामा भर पर्छ जसको लागि शिक्षा अनिवार्य तत्व हो । नेपालको सबैभन्दा ठूलो भरपर्दो स्रोत जनशक्ति हो । अहिले लाखौं नेपालीहरुले विदेशमा गई कमाएर देशको अर्थतन्त्र धान्न मद्दत गरिरहेका छन् । अर्थतन्त्रसँगै शिक्षा समानताको कारकतत्व पनि हो । यो विद्यमान विविध विभेदको खाल्डो साँघुरो पार्ने महत्वपूर्ण कडी हो । अहिले देशको शिक्षाको स्थिति जनसंख्या बढेको अनुपातमा नराम्रै भन्न त मिल्दैन तर आम नागरिकले स्तरीय शिक्षा प्राप्त गर्ने सहज परिस्थिति छैन । विश्व बजारमा प्रतिस्पर्धी व्यावसायिक जनशक्तिको त कुरा परै छाडौं देशमा विद्यालयको शिक्षा अझ प्राथमिक शिक्षा निकै नाजुक छ । बितेका समयका सबै सरकारहरुले यसको सुधारमा केही न केही प्रयत्न गरे पनि सार्वजनिक विद्यालयप्रति जनसाधारणको गुम्दै गरेको विश्वास प्रतिस्थापन गर्ने तर्फ प्रयासहरु पर्याप्त देखिदैंनन् । सरकारले शिक्षा क्षेत्रमा लगानी बढाइरहे पनि त्यसको प्रभाव प्रतिफलमा प्रतिबिम्बित भएको देखिदैंन तर सरकारले अहिलेकै स्तरमा लगानी जारी राखेसम्म अभिभावक र विशेष गरी शिक्षकहरु तातेर अघि नलागी यो प्रवृत्ति उल्टाउन सकिने पनि देखिदैंन । यही अवस्थालाई सम्बोधन गर्ने अभिप्रायले शिक्षा नीति तथा अभ्यास केन्द्रले अभिभावक र शिक्षकहरुको हौसला र जिम्मेवारीप्रति सजगता बढाउन विभिन्न प्रयासहरु गरिरहेको छ ।

शिक्षक-अभिभावक उत्प्रेरण कार्यक्रम सानो क्षेत्रमा सघन कार्य सञ्चालन गरी उदाहरणहरु प्रस्तुत गर्न शुरु गरिएको एक प्रयास हो । यो कार्यक्रम अनौपचारिक शिक्षाको लामो पृष्ठभूमिमा २०६०-६५ सालमा ४ जिल्लाका चेपाङ बहुल क्षेत्रका १६ वटा विद्यालयमा सञ्चालित "सबै चेपाङका लागि शिक्षा" कार्यगत अनुसन्धानको अनुभवका आधारमा अघि बढाइएको हो ।

## उद्देश्यहरु

१. अभिभावकका प्रतिनिधिका रुपमा विद्यालय व्यवस्थापन समिति (विव्यस) हरुलाई विद्यालयको शैक्षिक वातावरण सुधार गर्ने र शिक्षाको आधारभूत अधिकार रक्षा गर्ने संयन्त्रका रुपमा स्थापित गर्नु ।

२. शिक्षणको गुणस्तर सुधार गर्नका लागि शिक्षकहरुलाई उत्प्रेरित गर्नु, दक्षता अभिवृद्धि गर्नु र उनीहरुको काममा सहयोग जुटाउनु ।

३. **सबैका लागि स्तरीय शिक्षा** प्रवर्द्धन गर्न सार्वजनिक शिक्षा क्षेत्रमा काम गर्ने नागरिक समाज तथा गैससहरुको चाख र क्षमता अभिवृद्धि गर्नु ।

४. नीति र विचार निर्माताहरु बीच "*सबैका लागि स्तरीय विद्यालय*" को सवालमा थप ध्यानाकर्षण गर्नु ।




देवहित् प्रा.वि., राईगाउँको कक्षा कोठा: बसाइ र भित्ताको उपयोगमा निकै फरक आएको छ ।

## उपलब्धि र क्रियाकलापहरु

तालिम, अन्तर्क्रिया, संवाद र सङ्गठन नै यसका प्रमुख गतिविधिहरु हुन् । प्रस्तावित पहिलो तीन वर्षे कार्यक्रम पूरा गरी २०७३ सालदेखि विस्तारित रुपमा दोस्रो चरणको कार्यक्रम सुरु गरिएको छ । गत अवधिमा विद्यार्थीको सिकाइ उपलब्धिमा केही वृद्धि (१-५ कक्षाको सरदर प्राप्ताङ्क ३७ बाट ५५) भएको छ । परिसरमा केही हरियाली बढेको छ भने कक्षा कोठाहरु रङ्गीचङ्गी भएका छन् । सहकार्य गरिरहेका ३० भन्दा बढी विद्यालयहरुमा सरदर २ वटा कक्षा कोठाहरु सुधारिएका छन् । शिक्षकहरुको लगनशीलता बढेको देखिएको छ । विव्यसका बैठक अलि नियमित भएका छन् र उनीहरु शिक्षाको गुणस्तरप्रति थप अभिमुख भएका देखिन्छन् । कार्यक्षेत्रका अभिभावकमा सामुदायिक विद्यालयले पनि राम्रो शिक्षा दिन सक्छ कि भन्ने आस पलाएको अनुभव गरिएको छ ।

मकवानपुर जिल्लाको राईगाउँ गाविसबाट सुरु गरिएको सघन कार्य र यससँग त्रिकोणात्मक रुपमा जोडिएका सिन्धुलीको पिपलमाडी गाविस र रौतहटको चन्द्रपुर नगरपालिका (तत्कालीन जुडीबेला गाविस) मा कार्यक्रम सञ्चालन गरिरहेको छ । केन्द्रले जिल्ला शिक्षा कार्यालय र हरेक विव्यसको त्रिपक्षीय सम्झौतामा यी क्षेत्रका ३३ विद्यालयहरुमा शिक्षक र विव्यससँग चरणबद्ध तालिम र अनुगमन सहयोग गर्दै आएको छ । पहिलो चरणको तालिमपछि आवश्यक सुधार गरेका विद्यालयहरुमा सहकार्य अगाडि बढ्छ । कार्यक्रममा भौतिक सहयोगको प्रावधान रहेको छैन, तापनी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्वयंसेवीहरुको परिचालन र प्राविधिक सहयोगले कार्यक्षेत्रमा सकारात्मक परिणाम देखाएको छ ।

शैक्षिक वातावरण सुधार गर्दै शिक्षाको आधारभूत अधिकार दाबी गर्न अभिभावकहरुको प्रतिनिधि संयन्त्रका रुपमा विव्यसहरुलाई जिल्ला र राष्ट्रिय तहमा स्थापित हुन सहयोग गरिदैं आइएको छ । ४० भन्दा (वि.सं.२०७२को अन्त्यसम्म) बढी जिल्लामा गठित विव्यस सञ्जाल थप जिल्लाहरुमा विस्तार गर्ने काम विव्यसहरुकै छाता सङ्गठनहरुसँगको सहकार्यमा गरिन्छ । शिक्षामा कार्यरत गैससहरुलाई सामुदायिक शिक्षाका सवालमा अभिमुखीकरण गर्ने तथा विद्यालय शिक्षाका जल्दाबल्दा विषयमा नीतिगत संवाद जारी रहनेछ ।